जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २७५ | २०७९ साल जेठ २७ गते शुक्रबार (10 June 2022 Friday) | मूल्य रु. ५/-

**सर्पको टोकाईबाट बचौं र बचाऔं ।**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कहाँ कहाँ पुगेन पाठ्यपुस्तक ?.. २ पृष्ठमा : युक्रेन युद्धः विश्वव्यापी खाद्य.. ३ पृष्ठमा : थप २२ जनामा संक्रमण...

## कार्यालय अगाडीबाटै राजविराज वडा नं. ७ का अध्यक्षको मोटरसाईकल चोरी




**दैनिक समाचारदाता**
**राजविराज, २६ जेठ ।**

राजविराज नगरपालिका वडा नं. ७ का अध्यक्ष सुभाषचन्द यादवको निजि मोटरसाइकल कार्यालय अगाडीबाटै चोरी भएको छ ।

बुधबार साँझ कार्यालय अगाडी राखिएको स.५प.४३५६ नम्बरको सिवी साईन मोटरसाइकल चोरी भएको हो ।

वडा अध्यक्ष यादवले कार्यालयको काम सकेर घर जान बाहिर निस्कदा पार्किङ गरि राखेको मोटरसाईकल नदेखेपछि छेउछाउमा खोज्दा पनि नभेटिएपछि मोटरसाइकल चोरी भएको बताए ।

उनले कार्यालय छेउछाउ तथा आसपासका क्षेत्रमा खोजतलास गर्दा पनि कुनै अत्तोपत्तो नलागेपछि सोही दिन जिल्ला प्रहरी कार्यालयमा मोटरसाइकल भएको भन्दै निवेदन दर्ता गराएको बताए ।

यस अघि सोही स्थानबाट शहरी स्वास्थ्य क्लिनिक राजविराजका इन्र्चाज संतोष दासको पनि मोटरसाईकल चोरी भएको थियो । जुन हाल सम्म पनि भेटिएको छैन । यस अघि नापी, मालपोत, राष्ट्रिय बाणिज्य बैक अदालत, बन लगायतका कार्यालय अगाडीबाट पनि विभिन्न सेवाग्राहीको मोटरसाईकल चोरी भएको एक दर्जन भन्दा बढी घटना भईसकेका छन् ।

राजविराज नगरक्षेत्रमा मोटरसाइकल चोरको विगविगी बढेको छ । दिनहुजसो मोटरसाईकल चोरीका घटना हुन थालेपछि काम विशेषले मोटरसाईकल चढी सदरमुकाम राजविराज आउने सेवाग्राहीदेखी सर्वसाधारण सम्म पीडित र हैरान हुन थालेका छन् ।

नगर क्षेत्रभित्र ठाउँ ठाउँमा सिसी क्यामरा जडान हुन नसक्दा पनि चोरको पहिचान गर्न कठिन हुने गरेको प्रहरी अधिकारी बताउँछन । बढी चहल पहल र भिडभाड हुने स्थानमा सिसी क्यामरा जडान गर्न सकिए यस्ता चोरीका घटना धेरै हद सम्म नियन्त्रण गर्न सकिने नगरवासीको सुझाव छ ।

राजविराज नगरपालिकाका प्रमुख भिमराज यादवले नगरका प्रमुख स्थानहरुमा छिट्टै सिसी क्यामरा जडान हुने गरी काम अघि बढेको जानकारी दिए । यता मोटरसाईकल मात्र नभएर पार्किङ स्थलमा मोटरसाईकलसंगै राखिएको हेलमेट समेत चोरीको घटना बढेको छ ।

## चट्याङ लागेर दुईको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, २६ जेठ ।**

सप्तरीको बोदेबरसाईन नगरपालिकामा चट्याङ लागेर दूई जनाको ज्यान गएको छ ।

विहीवार दिउसो भएको वर्षासंगै परेको चट्याङ लागेर बोदेबरसाईन नगरपालिका ३ मधुवन टोलका ८० वर्षिय सत्य नारायण यादव र सोही टोलका ५६ वर्षिय रामजी यादवको ज्यान गएको हो ।

घर नजिकैको खेतमा गाईवस्तु चराउन गएका बेला परेको चट्याङका कारण गम्भीर घाईते भएका उनीहरुलाई उपचारका लागी स्थानीय लाईफलाइन केयर हस्पिटलमा पुऱ्याउने वित्तिकै चिकित्सकले मृत घोषित गरेका थिए ।

चट्याङले सोही वडाका एक जना घाईते भएको स्थानीयले बताएका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी माधव प्रसाद काफ्लेले घटनास्थलतर्फ प्रहरी टोली पठाई आवश्यक जानकारी लिने काम भईरहको बताएका छन् ।

## धनुषा जिससमा कांग्रेसको प्यानल निर्विरोध

**दैनिक समाचारदाता**
**जनकपुर, २६ जेठ ।**

जिल्ला समन्वय समिति धनुषामा नेपाली कांग्रेसको प्यानल निर्विरोध चयन भएको छ ।

समितिको प्रमुखमा राजनन्द मण्डल राज निर्विरोध निर्वाचित भएका छन् भने जिसस उपप्रमुखमा सङ्गीतादेवी ठाकुर निर्वाचित भएकी छिन् ।

यस्तै सदस्यहरूमा ईश्वरीप्रसाद शर्मा, डम्बरबहादुर थापामगर, फगु यादव, महिला सदस्यमा गीतादेवी यादव, विकादेवी मिजार, सोनितादेवी सदा र दलित तथा अल्पसङ्ख्यक सदस्यमा महेन्द्र महतो निर्वाचित भएका छन् । जिसस सदस्यमा पनि कांग्रेसको मात्रै उम्मेदवारी परेको थियो ।

बुधबार जिसस प्रमुख, उपप्रमुखसहित सदस्यमा कांग्रेसको मात्र मनोनयन परेको थियो ।

## दुई करोडको अवैध सामान बरामद

वीरगञ्ज, २६ जेठ (रासस) ।

पर्साका विभिन्न स्थानबाट प्रहरीले करिब रु दुई करोड बराबरको औषधि, लत्ताकपडालगायत सामग्री बरामद गरेको छ। प्रहरीले उक्त सामग्री बोकेको तीन ट्रक नियन्त्रणमा लिएको छ ।

ट्रक नियन्त्रणमा लिएर चालकलाई आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले जानकारी दिनुभयो । वीरगञ्ज महानगरपालिका-१० घण्टाघरबाट विभिन्न सामग्री बोकेको बा५ख ८६५८ र लु२ख ५३४९ नम्बरको ट्रक तथा वीरगञ्ज-८ माईस्थानबाट विभिन्न किसिमका औषधि, लत्ताकपडालगायत सामग्री बोकेको ना४ख ४३०१ नम्बरको ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# विपद् पूर्व तयारी आवश्यक

सप्तरी जिल्लामा हरेक वर्ष विपद्बाट निकै धनजनको क्षति हुने गरेको कुरा कसैसामु लुकेको छैन् । चाहे त्यो आगलागि होस् वा शितलहर वा बाढी । यस्ता विपद्ले जिल्लामा विगतका वर्षहरुमा निकै क्षति पु¥याएको तथ्याङ्कबाट पुष्टि हुन्छ । अहिले वर्षायामको मौसम हो । हामी जहिले पनि वर्षायाम सुरुवात भएपछि मात्र बाढीबाट हुन सक्ने क्षति बारेमा सोच्न बाध्य हुन्छौं । हरेक वर्ष बाढीबाट हुने क्षतिको तथ्याङ्क पनि हामीलाई थाहा छ । यति मात्र नभएर कुन कुन स्थानमा बाढी आउन सक्छ, जसबाट मानविय तथा भौतिक क्षति हुन सक्छ त्यो पनि सरोकारवाला निकायलाई थाहा छ । यतिको जानकारी हुँदा हुँदै पनि हामी कीन बाढी आएपछि मात्र यसप्रति सचेत हुन्छौं ! यो एउटा पुरानो बानी बसिआएको छ ।

अविरल वर्षासँगै जिल्लाको खाँडो, महुँली, बलान, कोशी लगायतका नदीमा आउने बाढीका कारण विभिन्न आसपासका गाउँहरु जलमग्न र भौतिक क्षति हुने गर्दछ । बाढीको यो क्रम पुरानै हो तर पनि यसबाट जोगिन सम्बन्धित निकायले समयमै उचित व्यवस्थापन गर्न नसक्दा ठूलो क्षति ब्योहर्नु परिरहेको छ । खासगरि नदी छेउका बस्तीमा बाढी पस्ने र सर्वसाधारणको बिगघौं खेतियोग्य जग्गामा बालुवा पुरेर क्षति हुने गरेको छ । बाढीका कारण कतिपय स्थानका सर्वसाधारणहरु बिस्थापित हुने, घरबारबिहीन हुने गर्छन् ।

बाढीबाट हुने धनजनको क्षति र यसको न्युनिकरणका लागि एउटा दिर्घकालिन योजना बनाउनु आवश्यक छ । तसर्थ प्रकोपबाट जनतालाई जोगाउन र क्षति न्युनिकरणका लागि सम्बन्धीत निकायले अग्रसरता देखाई योजनाबद्ध तरिकाबाट अगाडी बढे मात्र फलदायी हुन सक्छ ।

# कहाँ कहाँ पुगेन पाठ्यपुस्तक ? विवरण माग्दै सरकार

**प्रकाश सिलवाल**
काठमाडौँ, २७ जेठ (रासस) ।

नयाँ शैक्षिकसत्र लागेदेखि हालसम्म पनि पाठ्ययपुस्तक अभावका गुनासो अन्त्य भएको छैन । नेपाल सरकारको जिम्मेवार निकाय भने कुन जिल्लाका कुन विद्यालयमा कति पाठ्यपुस्तक अपुग भएको भन्ने सूचना मागिरहेको छ ।

विद्यालय तहका पाठ्यपुस्तक निःशुल्क उपलब्ध हुने व्यवस्थाबमोजिम कक्षा १ देखि ३ सम्म निजी क्षेत्रका मुद्रण व्यावसायी र कक्षा ४ देखि १० सम्म सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले उत्पादन र वितरणको जिम्मेवारी पाएका छन् ।

निजी क्षेत्रले माथिल्लो तहका पाठ्यपुस्तक पनि छपाइ गरिरहेका छन् । विद्यार्थीले समयमा पाठ्यपुस्तक नपाएको विषय सङ्घीय संसद् र सञ्चारमाध्यममा दैनिकजसो उठिरहेका बेला शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र जनक शिक्षा सामग्री केन्द्र भने आफूले छाप्न बाँकी रहेकाबाहेक छापिइसकेका पुस्तक पनि सम्बन्धित विद्यालयमा नपुगेको जनाइरहेका छन् ।

मन्त्रालयका सचिव एवं केन्द्रको सञ्चालक समितिका यादवप्रसाद कोइरालाले बिहीबार केन्द्रका अधिकारीलाई अपुग भएका क्षेत्रबाट तथ्याङ्क लिएर छिटोछरितोरूपमा बिक्रीवितरण गर्न निर्देशन दिनुभएको छ । चालू शैक्षिकसत्रका लागि कक्षा ४ देखि १० सम्म कूल एक करोड ९८ लाख थान पाठ्यपुस्तक छपाइको लक्ष्य लिइएकामा बिहीबारसम्म १ करोड ८० लाख थान (करिब ९० प्रतिशत) उत्पादन भइकेको केन्द्रको भनाइ छ । छपाइ भइसकेकामध्ये कतिपय पुस्तक ढुवानीका क्रममा रहेको र विद्यालयमा पुग्न बाँकी रहेकाले नपुग भएको गुनासो आएको केन्द्रका प्रवक्ता चित्र आचार्यले बताउनुभयो ।

दैनिक एक लाख पाठ्यपुस्तक उत्पादन गर्दै आएको केन्द्रबाट बिहीबार मात्रै सुर्खेत र चितवनका लागि पाठ्यपुस्तक ढुवानी भएको छ । रासससँग कुरा गर्दै आचार्यले अबको १५ दिन (असार १० गतेभित्र) बाँकी सबै (करिब १५ लाख थान) पुस्तक छपाइ सम्पन्न गरिने जनाउँदै बजारमा समानुपातिक वितरण नहुँदा यो समस्या आएको बताउनुभयो । हाल कक्षा ६ र ८ का सामाजिक, अङ्ग्रेजी र नेपाली विषयका पुस्तक बढी अभाव देखिएको छ । ती पुस्तक निजी क्षेत्रले पनि उत्पादन गरेकाले केन्द्र र निजी क्षेत्रबीचको समन्वय नहुँदा कहाँ कति विद्यार्थीका लागि कसले कति उत्पादन र वितरण गर्ने भन्ने तथ्याङ्कको अभाव पनि देखिएको छ ।

कक्षा ५, ८ र १० का पाठ्यपुस्तक आगामी शैक्षिकसत्रमा परिवर्तन (कोर्स आउट) हुने भएकाले पनि केन्द्रले भण्डारमा नरहने गरी यस वर्षका लागि आवश्यक सङ्ख्यामा मात्रै उत्पादन गरिरहेको छ । यस्तै पाठ्यक्रम विकास केन्द्रबाट कक्षा ४, ७ र ९ का अनुदित (अंग्रेजी माध्यम)का पाठ्यपुस्तकको मुद्रणीयप्रति (सिआरसी) प्राप्त नभएकाले पनि माग भए पनि आफूहरूले अनुदित पुस्तक दिन नसकिएको केन्द्रको भनाइ छ । सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पनि पढाइ हुन थालेको र कति विद्यालयमा अनुदित पुस्तक चाहिने भन्ने तथ्याङ्क पनि सरकारी नियकासँग उपलब्ध छैन ।

कतिपय सन्दर्भमा स्थानीय बिक्रेताले केन्द्रका प्रादेशिक कार्यालयबाट समयमा नलैजाने, बिक्रेतासँग उपलब्ध हुँदाहुँदै पनि विद्यालयले समयमा खरिद नगर्नेजस्ता कारणले विगतमा पनि विद्यार्थीले समयमा पाठ्यपुस्तक नपाएको देखिन्छ ।

केन्द्रले सार्वजनिक सूचना जारी गरी स्थानीय बिक्रेताकोमा पाठ्यपुस्तक उपलब्ध नभए कक्षा र विषय खुलाइ स्थानीय

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### युक्रेन युद्धः विश्वव्यापी खाद्य संकटको जोखिम बढ्दो

न्यूयोर्क, २६ जेठ (रासस/एएनआई) ।

रूस-युक्रेन युद्धका कारण विश्वव्यापी खाद्य सङ्कटको जोखिम बढेको छ । युद्धले रूसी र युक्रेनी समाज तहसनहस मात्र भएको छैन ९४ देशका एक अर्ब ६० करोड मानिसले खाद्य सङ्कट भ्फेल्नुपर्ने चेतावनी संयुक्त राष्ट्रसङ्घले दिएको छ । लम्बिदो युद्धले कुनै न कुनै रूपमा ती देश वित्त, खाद्य, वा ऊर्जा सङ्कट सामना गर्न बाध्य भएका ग्लोबल क्राइसिस रेस्पोन्स ग्रुप बुधबार सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । युद्धले तीनवटै क्षेत्रलाई जोखिममा पारेको छ । राष्ट्रसङ्घीय प्रतिवेदनले खाद्यान्नको निरन्तर बढ्दो भाउ र इन्धनको मूल्यलाई स्थिर राख्न, सामाजिक सुरक्षा प्रणाली लागू गर्न र विकासोन्मुख देशलाई आर्थिक सहयोग बढाउन आह्वान गरेको छ । आगामी वर्ष खाद्यान्न सङ्कट रोक्न, त्यसमा पहुँच र उपलब्धता बढाउन ठोस काम गर्नुपर्नेमा जोड दिइएको छ । "यदि युद्ध जारी रह्यो, अनाज, मलको उच्च मूल्य आगामी खेती याममा पनि निरन्तर रह्यो भने मकै, गहुँ र सागसब्जीलगायत खाद्यान्न उपलब्धता घट्ने तथा थपिने ऊर्जा सङ्कटले अर्बौं नराम्ररी प्रभावित हुने छन्,"प्रतिवेदनमा भनिएको छ । महासचिव एन्टोनियो गुटेरेसले युक्रेन युद्धको प्रभावले जीवनयापनको गम्भीर सङ्कट सिर्जना गरेको र त्यसबाट कुनै पनि देश वा समुदाय उम्कन नसक्ने बताएका छन् । खाद्य सुरक्षा, ऊर्जा, वित्तपोषणमा द्वन्द्वको प्रभाव घटाउन महासचिवले आफ्ना नागरिकको जीवन र जीविकोपार्जन जोगाउन प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिएका छन् ।

### राष्ट्रपति सी पुनः सत्तामा पुग्ने तयारीमा

बेइजिङ, २६ जेठ (रासस/एएनआई) ।

राष्ट्रपति सी चिनफिङ तेस्रोपटक पुनः सत्तामा पुग्ने तयारीमा रहेका बेला चीन कोभिड-१९ भन्दा पहिलेको जस्तो अवस्थामा नरहेको अधिकारीहरूले बताएका छन् । सन् २०१८ मा चीनको नेशनल पिपुल्स कङ्ग्रेसले राष्ट्रपतिको दुई कार्यकालको सीमा हटाउने प्रस्ताव अनुमोदन गरेपछि सीलाई अब आजीवन प्रभावकारी रूपमा सत्तामा रहन सक्ने बाटो खुलेको ज्योपोलिटिकल इन्फो डटले जनाएको छ । विश्व महाशक्ति राष्ट्र बन्ने चीनको चाहना गतिहीन भएको छ तर सर्वोच्च नेता सीले कीर्तिमानी तेस्रो कार्यकालको सत्ता सुनिश्चित गर्ने मौका खोजिरहेका छन् । यसैवर्ष हुने चिनियाँ कम्युनिष्ट पार्टीको २०औँ राष्ट्रिय महाधिवेशनको मिति घोषणा गरिएको छैन तर मिति घोषणा भएसँगै सीको पुनः सत्तारुढ हुने चाहना अभिव्यक्त हुने अपेक्षा गरिएको छ ।

### नाइजेरियाको चर्चमा भएको हमलामा परी ज्यान जानेको संख्या ४० पुग्यो

लागोस, २६ जेठ (रासस/सिन्ह्वा) ।

नाइजेरियाको एक चर्चमा यसै हप्ता भएको हिंसात्मक हमलामा परेर ज्यान जाने नागरिकको सङ्ख्या कम्तीमा पनि ४० पुगेको छ । यहाँका सुरक्षा अधिकारीले बुधबार सो कुराको जानकारी दिएका हुन् । नाइजेरियाको आन्डो राज्यको एक चर्चमा बम विस्फोट गराउनुका साथै गोली प्रहार गरेर ती व्यक्तिको हत्या गरिएको थियो । ओन्डो राज्यका गभर्नर आरकुनरिन रोटिमीले बुधबार दिएको जानकारीअनुसार सो हमलामा परेर अरु ६१ घाइते भएका छन् । उनीहरुमध्ये अधिकांशको अवस्था गम्भीर रहेकाले अभ्फै अस्पतालमा नै भर्ना गरिएको छ । ओयो सहरस्थित सो चर्चमा पहिले पनि यसैगरी हिंसात्मक हमला भएको थियो । तर यस पटकको पछिल्लो यो हमला शक्तिशाली रहेको बताइएको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०।०५७५८

स्था. २०५७

# जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
## राजविराज–४, सप्तरी

मिति : २०७९/०२/२७

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले यस संस्थाबाट लिनु भएको ऋणको भाखा नाघि सकेको हुँदा सो ऋण बुझाउन पटक पटक ताकेता पत्र पठाई सकिएकोमा हाल सम्म पनि सो ऋणको साँवा र समय समयमा बुझाउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ र सहकारी नियमाबली २०७५ को नियम ३० को उपनियम १ को खण्ड (क) बमोजिम यो ३५ (पैतिस) दिने सुचना प्रकाशित गरिएको छ । उक्त सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको ब्याज हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला । यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरिसकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम बिक्री गरि ऋण रकम, ब्याज, हर्जाना र लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च समेत तपाई बाट असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

| सि.नं. | ऋणी सदस्यको विवरण | ठेगाना | फोटो | धितो विवरण |
|---|---|---|---|---|
| १. | **मो. बदरुद्दीन अली**<br>बुवा :– अमानत मिया<br>बाजे :– कारि मियाँ | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं.२ हाल १ |  | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं.२ हाल १, चनौरा पडरियाको कित्ता नं. २५१ को क्षेत्रफल ०–१–१ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| २. | **श्री बिजय कुमार साह**<br>बुवा :– बच्चा साह तेली<br>बाजे :– केशो साह | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं.१, हाल ७ |  | जिल्ला सप्तरी, गा.वि.स. बोरिया वडा नं. ३, स्थित किता नं. १६८८ को क्षेत्रफल ०–०–४.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ३. | **श्री सिंघेश्वरी देवी**<br>पति : महेन्द्र मंडल धानुक<br>बुवा : मौजेलाल मंडल<br>ससुरा : दोरिक मंडल धानुक | जिल्ला सप्तरी, साबिक गा.वि.स. मलेकपुर –७,<br>हाल गा.पा. विष्णुपुर–३ |  | जिल्ला सप्तरी, गा.वि.स.मलेकपुर वडा नं.८ स्थित किता नं.३९३ को क्षेत्रफल ०–३–१२.५ र कित्ता नं.५८० को क्षेत्रफल ०–२–०.२५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ४. | **श्री दरोपती देवी साह**<br>पति : भवर लाल साह<br>बुवा : राम स्वरुप साह<br>ससुरा : रेशमी लाल साह | जिल्ला सप्तरी, साविक गा.वि.स. पत्थरगाढा वडा नं.१, हाल न.पा. डाकनेश्वरी–९ |  | जिल्ला सप्तरी, गा.वि.स.मलेकपुर वडा नं.३ स्थित कित्ता नं.१३९१ को क्षेत्रफल ०–१–१.२५ र गा.वि.स.बोरिया वडा नं.२ कित्ता नं.२२७६ को क्षेत्रफल ०–०–६.६७ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ५. | **श्री कृष्णा कुमार चौधरी**<br>बुवा :– जगदिश चौधरी<br>बाजे :– मुसहरु चौधरी | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं. ७, हाल ६ |  | जिल्ला सप्तरी, गा.वि.स. बोरिया वडा नं. ३, स्थित कित्ता नं. १८५२ को क्षेत्रफल ०–०–१४ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ६. | **श्री जागो देवी खंग**<br>पति : प्रमोद कुमार मंडल खंग<br>बुवा : केदल खंग खत्वे<br>ससुरा : बैजनाथ मंडल | जिल्ला सप्तरी, साबिक गा.वि.स. बोरिया–४, हाल न.पा. राजबिराज वडा नं. १६ |  | जिल्ला सप्तरी, गा.वि.स. फकिरा वडा नं. ७ क, स्थित कित्ता नं. १८७ को क्षेत्रफल ०–५–८ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ७. | **श्री जमाहर साह तेली**<br>बुवा :– राम सेबक साह तेली<br>बाजे :– प्यारे साह तेली | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं. १, हाल ७, सप्तरी |  | जिल्ला सप्तरी, गा.वि.स. नकटी रायपुर वडा नं. ८ घ, स्थित कित्ता नं.४०५ को क्षेत्रफल ०–८–० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ८. | **श्री उर्मिला देवी यादव**<br>पति :–राम नारायण यादव<br>बुवा :– बच्चाई यादव<br>ससुरा :– दुःखी यादव | जिल्ला सप्तरी, साविक गा.वि.स. सकरपुरा वडा नं. ८, गा.पा. तिलाठी काईलाडी–६ |  | जिल्ला सप्तरी, गा.वि.स. सितापुर वडा नं.३ क, स्थित कित्ता नं. ६४७ को क्षेत्रफल ०–१३–१२.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |
| ९. | **श्री सकुन्तला देवी चौधरी वैश्य**<br>पति :– बिन्देश्वरी चौधरी<br>ससुरा :–सुर्यवंशी चौधरी | जिल्ला सप्तरी, साविक गा.वि.स. विपहरिया वडा नं.४ |  | जिल्ला सप्तरी, गा.वि.स. बिपहरिया वडा नं.४ क स्थित कित्ता नं.१५ को क्षेत्रफल ०–१–१५, कित्ता नं. ५२ को क्षेत्रफल ०–०–६, कित्ता नं. ६० को क्षेत्रफल ०–०–९, कित्ता नं.६३ को क्षेत्रफल ०–०–९ र वडा नं.८ ख कित्ता नं. १०४ को क्षेत्रफल ०–१–२, कित्ता नं. १०६ को क्षेत्रफल ०–३–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । |

# थप २२ जनामा संक्रमण पुष्टि

काठमाडौँ, २६ जेठ (रासस) । देशभर पछिल्लो २४ घण्टामा थप २२ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा दुई हजार ७५३ को नमूना परीक्षण गरिएको थियो । एक हजार ६५५ ले पीसीआर र एक हजार ९८ जनाको एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा नौ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ६७ हजार १७१ पुगेको छ । संक्रमणमुक्त हुने दर ९८ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा एक लाख १७ हजार ११७ ले कोभिडविरुद्धको खोप लगाएका छन् । हाल सक्रिय संक्रमितको संख्या ११२ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९५२ पुगेको छ । होमआइसोलेसनमा ११२ जना संक्रमित रहेका छन् ।

हाल देशभरमा २०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला कुनै पनि छैनन् । शून्य संक्रमित रहेका जिल्लामा ओखलढुङ्गा, सोलुखुम्बु, सङ्खुवासभा, धनकुटा, भोजपुर, इलाम, तेह्रथुम, ताप्लेजुङ, पर्सा, सप्तरी, बारा, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, धादिङ, नुवाकोट, मकवानपुर, चितवन, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, रुकुमपूर्व, कपिलवस्तु, जाजरकोट, जुम्ला, डोल्पा, हुम्ला, रुकुम पश्चिम, कालीकोट, मुगु, सुर्खेत, कालीकोट, बाजुरा, दार्चुला, बझाङ, डडेल्धुरा र कञ्चनपुर रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा ३२, ललितपुर चार र भक्तपुरमा पाँच सक्रीय संक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# अनुमतिपत्रबिना इन्टरनेट सेवा सचालन नगर्न आग्रह

काठमाडौँ, २६ जेठ (रासस) । नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्र नलिई दूरसञ्चार सेवा सञ्चालन नगर्न आग्रह गरेको छ । प्राधिकरणले एक सूचना जारी गर्दै दूरसञ्चार ऐन, २०५३ को दफा २१ बमोजिम कसैले पनि अनुमतिपत्र नलिई दूरसञ्चार सेवा सञ्चालन गर्न नपाइने कानुनी व्यवस्था रहेकाले अनुमति लिएर मात्र सेवा सञ्चालन गर्न आग्रह गरेको हो ।

पछिल्ला केही दिनयता कानुनी व्यवस्थाको बर्खिलाप गरी स्याटेलाइट प्रविधिबाट इन्टरनेट सेवा सञ्चालन भइरहेको उजुरी आएको प्राधिकरणले सूचनामा उल्लेख गरेको छ ।

अनुमतिबिनै दूरसञ्चार सेवा सञ्चालन गरेको पाइए कानुनबमोजिम कारबाही गर्ने जनाउँदै प्राधिकरणले अनुमतिपत्र प्राप्त नगरी गैरकानुनीरूपमा कसैले पनि इन्टरनेट सेवा सञ्चालन गरेको वा वितरण गरेको फेला परेमा खबर गर्नसमेत अनुरोध गरेको छ ।

# प्रेस स्वतन्त्रतालाई कुण्ठित हुनेगरी कुनै काम गर्दैनौं : सञ्चारमन्त्री साह

जनकपुर, २६ जेठ (रासस) । मधेस प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले प्रेस स्वतन्त्रतालाई कुण्ठित हुनेगरी कुनै काम प्रदेश सरकारले नगर्ने बताउनुभएको छ ।

मधेस प्रदेश मिडिया काउन्सिलले तयार पारेको पत्रकार तथा सञ्चारमाध्यम आचारसंहिता मधेस प्रदेश २०७९ को आज जनकपुरधाममा सार्वजनिक गर्नुहुँदै मन्त्री साहले प्रदेश सरकार प्रेस स्वतन्त्रता र नागरिकता स्वतन्त्रताप्रति प्रतिबद्ध रहेको बताउनुभयो ।

विगतमा बनेको प्रदेश सञ्चार ऐन २०७७ मा त्रुटि देखिएको र त्यसका कारण काम गर्न असहज भएकाले सो ऐन संशोधन विधेयक प्रदेशसभामा प्रस्तुत गरेको उहाँले बताउनुभयो । "विगतमा व्यापक छलफल नै नगरी ऐन ल्याइएको थियो, जसका कारण काम गर्न जटिलता देखिएको छ", मन्त्री साहले भन्नुभयो, "प्रदेश सरकारले गठन गरेको प्रदेश चलचित्र बोर्डबारे प्रष्ट छैन, त्यसैले बोर्डले काम गर्न सकिरहेको छैन । ती कुराको स्पष्टताका लागि ऐन संशोधन गर्न विधेयक ल्याएको हो, यसमा पत्रकार र पत्रकारितालाई कुण्ठित गर्ने कुरा छैन", उहाँको भनाइ थियो ।

ऐन संशोधन विधेयक हिजोमात्रै प्रदेशसभामा प्रस्तुत भएकाले अझै संशोधन गर्न सकिने उल्लेख गर्नुहुँदै मन्त्री साहले त्यसमा पत्रकारका केही सुझाव आए त्यसलाई समेटिने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । सञ्चारमाध्यमलाई व्यवस्थित बनाउने कार्यको थालनी प्रदेश सरकारले सुरु गरिसकेको बताउनुहुँदै मन्त्री साहले सञ्चारमाध्यमलाई लोक कल्याणकारी विज्ञापनलगायतका सेवासुविधा उपलब्ध गराउने बताउनुभयो ।

नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिताको मूलमर्मलाई आत्मसात् गरी प्रदेशका पत्रकारको सुझाव सल्लाहमा पत्रकार तथा सञ्चारमाध्यम आचारसंहिता मधेस प्रदेश २०७९ तयार पारेको मिडिया काउन्सिल मधेस प्रदेशका अध्यक्ष शिवहरि भट्टराईले बताउनुभयो ।

कार्यक्रममा मधेस प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघ मधेस प्रदेशका अध्यक्ष राजेशकुमार कर्ण, जिल्ला समन्वय समिति धनुषाका प्रमुख रामदेव वनरैत यादवलगायतले आआफ्ना सुझाव राख्नुभयो ।

## *कहाँ कहाँ पुगेन ...*

बिक्रेतामार्फत् केन्द्रका प्रादेशिक कार्यालयका साथै सम्बन्धित तह, शिक्षा विकास तथा समन्वय इकाइ र जनक शिक्षाको केन्द्रीय कार्यालय सानोठिमीमा जानकारी गराउन आग्रह गरेको छ ।

केन्द्रले स्थानीय बिक्रेतामार्फत ७७ वटै जिल्लामा कक्षा ४ देखि १० सम्मका पाठ्यपुस्तक ढुवानी गरी यही जेठ ५ गतेदेखि बिक्री वितरण गर्दै आएको छ । पाठ्यपुस्तक छपाइ र वितरणमा निजी क्षेत्रबाट संलग्न मुद्रण व्यावसायी दीपक भण्डारीले आफूहरूलाई प्राप्त भएको अभावको सूचनाको आधारमा प्रदेशगतरूपमा पनि समन्वय गरी उपलब्ध गराउने गरिएको बताउनुभयो ।

उहाँले हाले आफूले हुम्ला, डोल्पा र विराटनगरमा समन्वय गरी अभावको समस्या समाधान गरेको जनाउनुभयो ।

## पुराना जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।२।२७ गते**

सबल नेपाल वि.सं. २०६२ मा सप्तरी जिल्लामा स्थापना भएको एक अगुवा गैर सरकारी संस्था हो । स्थापना कालदेखि नै सबल नेपालले सामाजिक क्षेत्रमा सक्रिय रुपमा कार्य गर्दै आईरहेको छ । सोहि सन्दर्भमा संस्थामा हाल केहि मालसामानहरुको आवश्यक्ता नभएकोले लिलाम बिक्री गर्नु पर्ने भएको हुदाँ ईच्छुक ब्यक्ति तथा संस्थालाई उल्लेखित नियम तथा शर्तहरुको अधिनस्त रहि नियमानुसार आवेदनको लागि यो १५ दिने सुचना प्रकाशित गरिएको छ ।

**नियम तथा शर्तहरु :**

- लिलाम बढावढमा भाग लिन इच्छुक ब्यक्ति, संघ संस्थाहरुले आवश्यक कागजात शिलबन्दी सहित मिति २०७९।०३।१० गते १२ बजे भित्र न्युनतम मुल्यको ५ प्रतिशतले धरौटी वापत हुने रकम यस संस्थाको लेखा शाखामा दर्ता गराउनु पर्नेछ ।
- लिलाम बिक्री तथा बढाबढ कार्य मिति २०७९।३।११ गते दिउसो १ बजे सबल नेपालको केन्द्रिय कार्यालय, राजबिराजको बैठक कक्षमा हुनेछ ।
- डाक बोल्न अगावै बोलिएको अंकको ५ प्रतिशतले हुन आउने रकम नगदै धरौटी राख्नु पर्नेछ र डाक अंक बढदै गएमा सोहि अनुपातमा धरौटी अंक थप हुदै जानेछ ।
- लिलाम साकार गरेपछि ७ दिन भित्रमा बाकि रकम दाखिला गरि लिलाम भएको मालसामान उठाई लैजान पर्नेछ, तोकेको अवधि भित्र कवोल रकम नबुझाएमा वा रकम बुझाइ मालसामान नउठाएमा धरौटी वापत राखिएको रकम जफत गरि अर्को व्यवस्था गरिनेछ ।
- लिलाम बिक्रीको जिन्सी मालसामान सम्बन्धमा थप जानकारी लिनु परेमा वा बुझ्न चाहेमा वा हेर्न चाहेमा कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ ।
- यस मालसामान बिक्री सम्बन्धी सम्पुर्ण निर्णय संस्थाको लिलाम बिक्री समितिमा निहित रहनेछ ।

**बिस्तृत जानकारी तथा आवेदन पेश गर्ने सम्पर्क ठेगाना**

**सबल नेपाल**

केन्द्रिय कार्यालय, राजबिराज -७, सप्तरी

मधेश प्रदेश, नेपाल

(नोट : यो सुचना यस संस्थाको वेब पेज www.sabalnepal.org.np मा पनि हेर्न सकिनेछ ।)


## गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*